

# संसारभरका बाल बालिकाले खेल्ने खेल

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र



# संसारभरका बाल बालिकाले खेल्ने खेल

मिन्जु चोइ

यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सेभ द चिल्ड्रेनले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ — पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


खेलौँ ! ५

डोरी नाघ्ने खेल ६

लखेट्ने र छुने ८

एक खुट्टी खेल ११

गुच्चाका खेलहरू १३

सुरक्षित होऊ र रमाइलो गर १६

शब्द अर्थ १७

# खेलौँ !

संसारभर बाल बालिकाले खेलहरू खेल्छन् । हामी केही त्यस्ता खेलहरू बारे सिकौँ, जुन विभिन्न देशहरूमा उसै गरी खेलिन्छन् ।



# डोरी नाघ्ने खेल

डोरी नाघ्ने खेलहरू संसारभरिका बाल बालिका माझ सधैँ प्रख्यात छन् । अमेरिकामा बाल बालिकाले **डबल डच** खेल्छन् । यसमा उनीहरू दुई ओटा डोरी उफ्रिएर नाघ्छन् । प्राय: गीत वा प्रार्थनाको तालमा डोरीहरू विपरीत दिशामा घुम्छन् ।



चीनमा रबरका टुक्राहरूलाई आपसमा जोडी लामो सुक्र्यौंलो डोरी बनाइन्छ । दुई जनाले डोरीको एक एक छेउ समात्छन् भने अर्को एक जनाले उफ्रिएर डोरीको वारपार गर्दै नाघ्छ । डोरी समात्नेले डोरीलाई माथि माथि उचाल्ने र नाघ्नेले डोरी उचालिएपिच्छे नाघ्दै जाने उद्देश्य हुन्छ ।



इन्डोनेसियामा उफ्रिएर डोरी नाघ्ने खेलमा लामो डोरीको टुक्रा प्रयोग गरिन्छ । दुई खेलाडीले डोरीको एक एक छेउ समात्छन् र गोलाकार गतिमा डोरीलाई घुमाउँछन् । अरू खेलाडीले डोरी जमिन नजिकबाट हुँदा त्यसलाई नाघ्छन् ।



# लखेट्ने र छुने

छुने र भाग्ने खेलमा एक जना 'सिकारी' हुन्छ । 'सिकारी'ले अरू खेलाडीलाई लखेट्छ र छुन्छ । जो खेलाडीलाई 'सिकारी'ले छुन्छ, ऊ नयाँ 'सिकारी' बन्दछ ।



संसारभर लखेट्ने र छुने धेरैथरी खेल छन् । ब्राजिलमा **क्युमादा** भन्ने समूहगत खेल छ । यसमा 'सिकारी'ले अर्को खेलाडीलाई 'सिकारी' बनाउन छुँदा बलको प्रयोग गर्दछ । टर्कीमा खेलिने **कोरेबे**मा 'सिकारी' को आँखा ढाक्न कपडा प्रयोग गरिन्छ ।








# एक खुट्टी खेल

विभिन्न देशहरूमा खेलिने एक खुट्टी अर्को खेल हो । यो खेल खेल्न तिमीले पहिला जमिनमा विभिन्न ढाँचामा आयातहरू कोर्नुपर्दछ ।

त्यसपछि तिमी त्यसरी रेखाङ्कन गरिएको जालिदार कोठाको एक छेउबाट अर्कोमा एक खुट्टाले उफ्रन सक्छौ ।



फरक फरक नामले चिनिए पनि संसारका विभिन्न देशका बाल बालिकाले एक खुट्‌टी खेल्दछन् । फिलिपिन्समा यसलाई **पिको** भनिन्छ । मलेसियामा यो **टेङटेङ** हो । भारतमा यसलाई **थिर्किया** भनिन्छ भने इटालीमा **क्याम्पाना** भनिन्छ । क्युबामा यसलाई **लापेरेगिना** भनिन्छ ।





## गुच्चाका खेलहरू

धेरै देशमा वर्षौंदेखि गुच्चासँगका खेल प्रख्यात रहँदै आएका छन् । प्राचीन इजिप्ट र प्राचीन ग्रिसमा साना ढुङ्गा वा माटाबाट बनेका गुच्चाहरू प्रयोग गरिन्थे । हिजोआज गुच्चाहरू सिसा, माटो, स्टिल वा प्लास्टिकबाट बनाइएका हुन्छन् ।



**कुदोदा** जिम्बाब्वेमा बाल बालिकाले खेल्ने चर्चित गुच्चाको खेल हो । एउटा खेलाडीले एउटा गुच्चालाई हावामा उफार्दछ । त्यो उफारेको गुच्चालाई पकड्नुअघि जति सक्दो धेरै गुच्चाहरू जमिनबाट उठाउने प्रयास गर्दछ । खेलको अन्त्यमा जोसँग सबैभन्दा बढी गुच्चा हुन्छ, उसैले खेल जित्दछ ।



साइप्रसमा बाल बालिकाले **पैरिलिआ** भन्ने खेल खेल्छन् ।

यो खेल खेल्न तिमीले जमिनमा एउटा त्रिभुजको चित्र कोर्नुपर्दछ । यस खेलमा तिम्रो लक्ष्य गुच्चालाई हावामा फालेर त्रिभुजभित्र रहेका गुच्चाहरू बढीभन्दा बढी बाहिर निकाल्नु हुन्छ ।





# सुरक्षित होऊ र रमाइलो गर

हामीले संसार भरका बाल बालिकाले खेल्ने विभिन्न खेलबारे जान्यौँ । के तिमी आफ्ना साथीहरूसँग यी खेल खेल्दछौ ? तिमीले जे खेल खेले पनि सुरक्षित रहने, निष्पक्ष भएर खेल्ने र रमाइलो गर्ने कुरामा भने ध्यान देऊ ।



# शब्द अर्थ

**गोलाकार गति** - एउटा वृत्तमा वा गोलो घेरामा चल्ने वा घुम्ने

**लक्ष्य** - पुग्न वा हासिल गर्न प्रयास गरेको केही कुरा

**जालिदार कोठा** - एउटा ढाँचामा कोरिएका रेखाहरू, जो आपसमा काटिँदा वर्गाकार कोठा बन्दछन्

**सुक्यौंलो** - पातलो र लामो केही कुरालाई दोबारेर त्यसैलाई छुने वा छोएर जाने बनाउँदा बाङ्गिएको भाग वा आकार

**गुच्चा** - बाल बालिकाका केही खेलहरूमा प्रयोग हुने सिसा वा ढुङ्गाका गोलाकार वस्तु

**उद्देश्य** - तिमीले पुरा गर्न प्रयास गरिरहेको काम

**ढाँचा** - केही कुरालाई सजाउन प्रयोग गरिएको निरन्तर दोहोरिने शैली वा बनौट

**नाघ्नु** - उफ्रिएर अगाडि बढ्नु

**उफार्नु** - विस्तार केही कुरालाई माथि फाल्नु

# पाठकका निम्ति प्रश्नहरू

१. यो किताबमा उल्लेख गरिएका कुन कुन खेल तिमीले पहिल्यै खेलेका थियौ ?

२. तिमीले आफ्ना साथीहरूसँग खेल्ने कुन खेल विश्वका अरू भागमा रहेका बाल बालिकाले पनि खेल्ने कुराले तिमीलाई अचम्म लाग्यो ? यी खेलहरू संसारभर किन भेटिन्छन् भन्ने लाग्छ ? तिनीहरू कसरी सुरू भए होलान् ?

३. यो किताबमा उल्लेख नगरिएका के के खेल तिमी खेल्छौ ? के अरू देशका बाल बालिकाले पनि ती खेल रमाइलो मान्न सक्छन् ? अरू देशका बाल बालिकालाई यी खेलका नियमहरू तिमी कसरी सिकाउन सक्छौ ?